# निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको लैङ्गिक दृष्टिकोणले पाठ्यपुस्तक विश्लेषण

शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन

विशिष्टीकरण विषयको आंशिक आवश्यकता

परिपूर्ति गर्नको लागि प्रस्तुत

**शोध-प्रतिवेदन**


शोधकर्ता

नरेन्द्र प्रसाद जोशी

परीक्षा रोल नं.: २८००८०/०६६

त्रि.वि. दर्ता नं.: ९-३-२८-२१-२००७



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)

कीर्तिपुर, काठमाडौं

२०६८


निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको लैङ्गिक दृष्टिकोणले पाठ्यपुस्तक विश्लेषण – नरेन्द्र प्रसाद जोशी (२०६८)

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र श्री नरेन्द्र प्रसाद जोशीले "निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको लैङ्गिक दृष्टिकोणले पाठ्यपुस्तक विश्लेषण" शीर्षकमा शोध प्रतिवेदन मेरो निर्देशन र सुझाव अनुसार तयार गर्नु भएको हो । म उहाँको लेखन कार्यमा पूर्ण रुपमा सन्तुष्ट भएकोले आवश्यक मूल्याङ्कनको लागि यस मूल्याङ्कन समितिमा सिफासिस गर्दछु ।

.................................

श्री ध्रुव प्रसाद निउरे

शोधनिर्देशक

मिति: २०६८/०२/०४

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र श्री नरेन्द्र प्रसाद जोशीले "निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको लैङ्गिक दृष्टिकोणले पाठ्यपुस्तक विश्लेषण" शीर्षक अन्तर्गत शोध प्रतिवेदन आवश्यक मूल्याङ्कनको लागि सिफारिस साथ यस मूल्याङ्कन समितिमा प्रस्ततु गर्नु भएकोमा यस मूल्याङ्कन समितिबाट आवश्यक मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

| **मूल्यांकन समिति** | **हस्ताक्षर** |
|---|---|
| सह प्रा. श्री नारायण बस्नेत<br>विभागीय प्रमुख | ................................ |
| श्री ध्रुव प्रसाद निउरे<br>शोधनिर्देशक | ............................... |
| उप-प्रा. श्री किरणराम रञ्जितकार<br>वाह्य परीक्षक | ............................. |
| उप-प्रा. श्री शिवराज बढु<br>वाह्य परीक्षक | ............................. |

मितिः २०६८/०२/११

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह, द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्ति गर्नको लागि "निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको लैङ्गिक दृष्टिकोणले पाठ्यपुस्तक विश्लेषण" शीर्षकको लागि आफ्नो अति व्यस्त र अमूल्य समयका बाबजुद पनि समय मिलाई निर्देशन, सल्लाह, सुझाव र सदैव उत्प्रेरणा प्रदान गरी पथप्रदर्शन गर्नुहुने श्रद्धेय गुरु एवं शोधनिर्देशक उप-प्राध्यापक श्री ध्रुवप्रसाद निउरेज्यूप्रति हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यसै गरी खोज, अनुसन्धानमा प्रेरणा जगाउने तथा यस अनुसन्धान गर्न अवसर प्रदान गर्नुहुने शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख सह-प्राध्यापक श्री नारायण बस्नेतज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै मलाई स्नातकोत्तर तहमा अध्यापन गरी प्रस्तुत अनुसन्धान कार्य गर्न सक्षम बनाउनु हुने गुरुज्यूहरु प्रा.डा. तीर्थराज पराजुली, उप-प्रा. किरणराम रञ्जितकार, उप-प्रा. शिवराज बढु, उप-प्रा. यशोधरा पन्त, उप-प्रा. विश्ववाला थापाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराउनुहुने सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, कर्मचारी, एवं विद्यार्थीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै प्रस्तुत अध्ययनका लागि आवश्यक सूचनाहरु उपलब्ध गराउनुहुने जि.शि.का. बझाङ्गका कर्मचारीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसका साथै प्रस्तुत अध्ययन अनुसन्धानका लागि तथा आवश्यक रुपमा उच्च शिक्षा हासिल गराउन सम्पूर्ण सहयोग प्रदान गर्नुहुने माता पिता श्री हर्कनारायण जोशी/चन्द्रावतीदेवी जोशी र दिदी दुर्गादेवी जोशी प्रति आभार व्यक्त गर्दछु । प्रस्तुत अध्ययन अनुसन्धान संचालनको क्रममा आवश्यक सल्लाह, सुझाव एवं सहयोग प्रदान गर्नुहुने साथीहरु डवलराज जोशी, राजेन्द्र खाती, माहेन बहादुर साउद, कमल न्यौपाने, भक्त विष्ट र भाइ धिरेन्द्र जोशी एवं इष्टमित्रहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

शोध प्रतिवेदनलाई कम्प्युटर टाइप गरी आवश्यक सहयोग पुऱ्याउनु हुने रामकृष्ण महर्जन (आर.पी. कम्प्युटर सेन्टर, कीर्तिपुर) लाई धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कनको सम्पूर्ण परिवारलाई हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु ।



नरेन्द्र प्रसाद जोशी

मौलाली-८, बझाङ्ग


जेठ, २०६८

# शोधसार

पाठ्यपुस्तक शिक्षण सिकाइ क्रियाकलापको एक महत्वपूर्ण सामग्री हो । नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा निम्न माध्यमिक तहमा अध्ययन गर्ने सबै विद्यार्थीहरुको पहुँचमा पाठ्यपुस्तक बाहेक अध्ययनका अन्य सामग्रीहरु कमै पुगेको छ । अर्को तर्फ शिक्षामा लैङ्गिक समानता हुन सकेको छैन । निम्न माध्यमिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरुमा तह पुरा गर्ने दर छात्रको भन्दा छात्राको कम छ । यसो हुनाको पछाडि विभिन्न कारणहरु छन् । त्यस्ता कारणहरु मध्ये पाठ्यक्रम अनुसार तयार पारिएको पाठ्यपुस्तकमा पनि लैङ्गिक विभेदलाई उर्जा दिने विषयवस्तु समावेश गरिएको पाइन्छ । त्यसैले पाठ्यपुस्तकमा समावेश गरिएका लैङ्गिक सवाललाई सम्बोधन गर्न "निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको लैङ्गिक दृष्टिकोणले पाठ्यपुस्तक विश्लेषण" शोध शीर्षकमा अध्ययन गरिएको थियो । यस अध्ययनका मुख्य उद्देश्य निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा भएका लैङ्गिक समानता र असमानता विश्लेषण गर्नु र पाठ्यपुस्तक भित्र लैङ्गिक आधारमा भएका कमी कमजोरी पहिल्याई आवश्यक सुधारका उपायहरु पहिचान गर्नु रहेको थियो । अध्ययन शीर्षकको प्रकृति अनुसार यस अध्ययनमा गुणात्मक अध्ययन विधिलाई केन्द्रमा राखेर अध्ययन गरिएको थियो ।

प्रस्तुत अध्ययन बझाङ्ग जिल्ला भित्र संचालनमा रहेका सामुदायिक निम्न माध्यमिक विद्यालय मध्ये संयोगात्मक नमुना छनोट विधिद्वारा नमुना छनोटमा परेका २ वटा सामुदायिक निम्न माध्यमिक विद्यालयमा सामाजिक शिक्षा विषय अध्यापन गराइरहेका २ जना शिक्षकलाई उद्देश्यात्मक नमूना छनोट विधिद्वारा छनोट गरी उनीहरुको धारणा संकलन गरिएको थियो । यसका साथै छनोटमा परेका विद्यालयका स्रोतव्यक्ति र नमुना छनोटमा परेका विद्यालयमा निम्न माध्यमिक तहको कक्षा ६, ७ र ८ मा अध्ययनरत एक जना छात्र र एक जना छात्रा पर्ने गरी १२ जना विद्यार्थीहरुलाई उद्देश्यात्मक नमूना छनोट विधिद्वारा छनोट गरिएको थियो । अध्ययनको उद्देश्य अनुसार लैङ्गिक दृष्टिकोणमा शिक्षकहरु र स्रोत व्यक्तिको पाठ्यपुस्तकप्रतिको धारणा पत्ता लगाउन खुल्ला प्रश्नावली निर्माण गरी उनीहरुको धारणा संकलन गरिएको थियो भने विद्यार्थीहरुका लागि लक्षित समूह छलफल निर्देशिका निर्माण गरी लक्षित समूह छलफल गराएर पाठ्यपुस्तकमा समावेश गरिएका लैङ्गिक सन्तुलन सम्बन्धी उनीहरुको धारणा संकलन गरिएको थियो । उपयुक्त कार्यबाट प्राप्त धारणा अनुसार पाठ्यपुस्तकमा उल्लेख गरिएका अधिकांश पाठमा समावेश विषयवस्तुहरु र चित्रहरुमा महिला र पुरुषको व्यवहारलाई समान रुपमा प्रस्तुत गरिएको छैन । त्यसै गरी पाठ्यपुस्तकमा उल्लेख गरिएको विषयवस्तुको भाषा र अभ्यासहरुमा समावेश क्रियाकलापहरु पनि लैङ्गिक रुपमा असमान रहेका छन् । तसर्थ सन् २००२ मा सेनेगलको डकारमा भएको "सबैका लागि शिक्षा" सम्मेलनबाट सन् २००५ सम्ममा पाठ्यपुस्तकबाट लैङ्गिक विभेद हटाउने लक्ष्य राखे तापनि सन् २०११ सम्ममा पनि पाठ्यपुस्तकमा लैङ्गिक विभेद रहेको कुरा यो अनुसन्धानबाट प्रस्ट देखिएको छ ।

पाठ्यपुस्तकबाट लैङ्गिक विभेद हटाउन लैङ्गिक समानता भएका सन्देशमूलक चित्र, विषयवस्तुहरु पाठ्यवस्तुमा उल्लेख गरिनुपर्दछ, जसबाट छात्रा जागरण र छात्रा शिक्षामा प्रोत्साहन होस र यसका लागि शिक्षक, प्रशासक, पाठ्यक्रम निर्माता, विद्यार्थी, अभिभावक एवं सरोकारवालाहरुको भूमिकालाई सुनिश्चित गरिनु आवश्यक छ ।

# विषयसूची

*पेज नं*


**सिफारिस पत्र** **i**

**स्वीकृति पत्र** **ii**

**कृतज्ञताज्ञापन** **iii**

**शोधसार** **iv**

**विषयसूची** **v**

**तालिका सूची** **vii**

**चित्र सूची** **viii**

**परिच्छेद- एक**

**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.१.१ सामाजिक अध्ययनको ऐतिहासिक पृष्ठभूमि २

१.१.२ लैङ्गिक अवधारणा र पाठ्यपुस्तक ३

१.१.३ अध्ययन क्षेत्रको परिचय ५

१.२ समस्याको कथन ६

१.३ अध्ययनको उद्देश्य ७

१.४ अध्ययनको महत्व ७

१.५ अध्ययनको सीमाङ्कन ८

१.६ शब्दावलीको परिभाषा ९

**परिच्छेद- दुई**

**साहित्यको पुनरावलोकन**

२.१ सैद्धान्तिक साहित्यको समीक्षा ११

२.२ विषयगत साहित्यको पुनरावलोकन १३

२.३ अवधारणात्मक ढाँचा १७

**परिच्छेद- तीन**

**अध्ययनको विधि**

३.१ अध्ययनको ढाँचा १९

३.२ जनसंख्या १९

३.३ नमूना छनोट २०

३.३.१ अध्ययनको क्षेत्रको छनौट २०

३.३.२ विद्यालय छनोट २०

३.३.३ स्रोत व्यक्ति छनोट २०

| | | |
|---|---|---|
| | ३.३.४ शिक्षक छनोट | २० |
| | ३.३.५ विद्यार्थी छनोट | २० |
| ३.४ | साधनको निर्माण | २१ |
| | ३.४.१ खुल्ला प्रश्नावली | २१ |
| | ३.४.२ लक्षित समूह छलफल निर्देशिका | २१ |
| | ३.४.३ दस्तोवज अध्ययन | २१ |
| ३.५ | साधनको वैधता | २१ |
| ३.६ | तथ्याङ्क संकलन प्रक्रिया | २२ |
| | ३.६.१ प्राथमिक तथ्याङ्क संकलन प्रक्रिया | २२ |
| | ३.६.२ द्वितीय तथ्याङ्क संकलन प्रक्रिया | २२ |
| ३.७ | तथ्याङ्कको विश्लेषण प्रक्रिया | २२ |
| ३.८ | नैतिकताको मापदण्ड | २३ |


**परिच्छेद चार**

**सूचनाको विश्लेषण र व्याख्या**


| | | |
|---|---|---|
| ४.१ | एकाइहरु अनुसार पाठ्यपुस्तकमा समावेश विषयवस्तुको लैङ्गिक विश्लेषण | २४ |
| | ४.१.१ हामी, हाम्रो समूदाय र राष्ट्र | २४ |
| | ४.१.२ हाम्रा विकासका पूर्वाधारहरु | २७ |
| | ४.१.३ हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | २९ |
| | ४.१.४ समाज, सामाजिक समस्या र विकृतिहरु | ३३ |
| | ४.१.५ नागरिक दायित्व | ३९ |
| ४.२ | लैङ्गिक समानता र असमानता भएका पाठहरु | ४१ |
| ४.३ | पाठ्यपुस्तकमा रहेका लैङ्गिक असमानता हटाउने उपायहरु | ४३ |


**परिच्छेद पाँच**

**प्राप्ति, निष्कर्ष र सुझाव**


| | | |
|---|---|---|
| ५.१ | प्राप्ति | ४४ |
| ५.२ | निष्कर्ष | ४७ |
| ५.३ | सुझावहरु | ४८ |
| **सन्दर्भसूची** | | **५०** |
| **अनुसूचीहरु** | | |

# तालिका सूची

*पेज नं*


| | | |
|---|---|---|
| तालिका नं. १.१ : | बझाङ्ग जिल्लामा संचालित विद्यालयहरुमा विद्यार्थीहरुको संख्या | ६ |
| तालिका नं. ३.१ : | अध्ययनको ढाँचा | १९ |
| तालिका नं. ४.१: | लैङ्गिक दृष्टिकोणमा सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा समावेश समान तथा असमान पाठहरु | ४२ |

# चित्र सूची

*पेज नं.*


| | | |
|---|---|---|
| चित्र नं. २.१ : | अवधारणात्मक ढाँचा | १८ |
| चित्र नं. ३.१ : | तथ्याङ्कको विश्लेषण प्रक्रिया | २२ |
| चित्र नं. ३.२ : | तथ्याङ्कको त्रिकोणात्मक जाँच | २३ |